म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०९ सोमबार, २ चैत २०८२ ने. सं. ११४६ चिल्लागा 16 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## इनिशा हत्या प्रकरणमा न्याय माग्दै हेटौंडामा विद्यार्थीको प्रदर्शन

हेटौंडा, १ चैत/इनिशा बिक हत्या प्रकरणका दोषीलाई कडा कारबाही गर्न माग गर्दै हेटौंडामा विद्यार्थीले प्रदर्शन गरेका छन् । आइतबार बिहान हेटौंडाका विभिन्न क्याम्पसमा अध्ययनरत विद्यार्थी सडकमा उत्रिएका हुन् । प्रदर्शनका क्रममा विद्यार्थीले 'हत्यारालाई कारबाही गर', 'पीडितलाई न्याय दे', 'बलात्कारीलाई फाँसी दे' र 'नारी अस्मिताको रक्षा गर' जस्ता नारा लगाएका थिए । हेटौंडा क्याम्पसको नेतृत्वमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) ले प्रदर्शनको अगुवाइ गरेको क्याम्पस कमिटी अध्यक्ष नितेश भण्डारीले जानकारी दिए । प्रदर्शनमा मकवानपुर बहुमुखी क्याम्पस, भुटनदेवी माध्यमिक विद्यालय तथा सिद्धार्थ क्याम्पसका करिब पाँच सय विद्यार्थीको सहभागिता रहेको थियो । सुर्खेतको वीरेन्द्रनगरस्थित सामुदायिक वनक्षेत्रमा इनिशा बिक मृतअवस्थामा भेटिएकी थिइन् । पोस्टमार्टम रिपोर्टमा बलात्कारपछि अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको देखिएपछि प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# बागमतीका अर्थसचिव अधिकारीविरुद्ध ७० लाख रुपैयाँ घुस लिएको आरोप



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको आरोपमा सहसचिव झलकराम अधिकारीविरुद्ध भ्रष्टाचार र सम्पत्ति शुद्धिकरणको मुद्दा दायर गरेको छ ।

अधिकारी राजस्व अनुसन्धान विभागको महानिर्देशक भएका बेला ७० लाख रुपैंया घुस लिएको अख्तियारको आरोप छ । त्यो रकम जग्गा खरिद र ऋणतिर्न प्रयोग भएको अख्तियारको दावी हो । अधिकारी बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका बहादवाला सचिव हुन् । एच.के. इन्टरप्राइजेज भन्ने कम्पनीविरुद्ध राजस्व चुहावट गरेको आरोपमा विभागमा उजुरी परेको थियो । त्यसपछि मुद्दाबाट जोगिन यो कम्पनीका सञ्चालक श्रीकृष्ण श्रेष्ठले ७० लाख रुपैयाँ दिएको भेटिएको अख्तियारको दावी हो ।

७० लाख रुपैयाँ विकास चापागाई, देवेन्द्र केसी, रविन्द्र लामिछाने लगायतको सल्लाहमा उनीहरुको खातामा राखिएको अख्तियारको दाबी छ । त्यसपछि उनीहरुले भक्तपुरको दिव्यश्वरी आयोजना भित्रको ५ आना जग्गा खरिद गरेको अख्तियारको दावी छ । देवेन्द्र केसी सञ्चालक रहेको द कुटी रिसोर्टको कर्जा भुक्तानीमा समेत यो रकम प्रयोग भएको अख्तियारले दावी गरेको छ । अख्तियारले विशेष अदालतमा पेश गरेको विवरण अनुसार, घटना साउन २०७९ सालको हो । साढे पाँच महिनामात्रै महानिर्देशक बनेका अधिकारी १ असार, २०७९ देखि १६ कार्तिक, २०७९ सम्म राजस्व अनुसन्धान विभागमा थिए ।

शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला अधिकारी देउवा परिवारसँगको विशेष सम्पर्कसूत्र मार्फत विभागको महानिर्देशक भएर गएका थिए । अख्तियारको दावीअनुसार, महानिर्देशक भएको एक महिनामै उनले घुस लिएका थिए । अख्तियारले उनीमाथि घुस लिएको आरोपमा भ्रष्टाचारका साथै गैरकानुनीरुपमा सम्पत्ति जोडेको आरोपमा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरेको छ । उनी यसअघि पनि पटकपटक विवादमा परेका सहसचिव हुन् । शक्ति र पहुँचका भरमा आकर्षक कार्यालयमा पोष्टिङ हुने उनी त्यसक्रममा पटकपटक विवादमा परेका थिए ।

२०८० भदौमा अधिकारी अध्यागमन विभागका महानिर्देशक थिए । सुन तस्करीमा मुछिएका चिनिया नागरिक दावा छिरिङसँग जोडिएको भेटिएपछि उनी महानिर्देशकबाट मन्त्रालयमा तानिएका थिए । २०८० चेत्रमा सुन तस्करीबारे जाँचबुझ गर्न गठन भएको आयोगले उनलाई कारवाहीको सिफारिस गरेको थियो । दावा र उनीवीच विच्याट एपमा पटकपटक कुराकानी भएर सामान छाड्ने गरेको खुलेको थियो, उनी त्यतिबेला राजस्व अनुसन्धान विभागमै थिए । संसदीय छानवीन विशेष समितिले पनि झलकराम अधिकारीको भूमिकामा प्रश्न उठाएको थियो ।

उनी अध्यागमन विभागको महानिर्देशक हुँदा गरेको शंकास्पद गतिविधिका कारण जीवी राई नेपालबाट फरार हुने मौका पाएको प्रतिवेदनमा उल्लेख थियो । माघ, २०७५ मा पोखरा महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत हुँदा पनि उनी टेण्डरसम्बन्धी विवादमा मुछिएका थिए । आयोगले अधिकारीसहित तीनजनाविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो ७० लाख रुपैयाँ कायम गरी सोही बिगोबमोजिम कैद र जरिवाना मागदाबी गरेको छ । अधिकारीलाई सोही ऐनको दफा २४ बमोजिम थप सजायको माग गरिएको छ ।

प्रतिवादीविरुद्ध सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) ले परिभाषित कसुरमा सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजायको माग गरिएको आयोगले जनाएको छ । अधिकारी राष्ट्रसेवक कर्मचारी भएकाले सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजायको मागदाबी गरिएको आयोगले जनाएको छ ।

# प्राधिकरणको केन्द्रीय वर्कसपले गऱ्यो नौ सय ट्रान्सफर्मर मर्मत




साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/कर्मचारी अभावका बाबजुद मकवानपुरको हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय वर्कसपले चालु आर्थिक वर्षको सात महिनामा नौ सय ट्रान्सफर्मर मर्मत गरेको छ ।

कार्यालय प्रमुख इन्जिनियर राजकुमार श्रेष्ठकाअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि हालसम्म वर्कसपमा विभिन्न जिल्लाबाट बिग्रिएर आएका ती ट्रान्सफर्मर मर्मत गरी फिर्ता पठाइएको हो । गत आर्थिक वर्ष २०८१/८२ मा एक हजार नौ सय ५० थान ट्रान्सफर्मर मर्मत गरेको यो वर्कसपले चालु आवमा एक हजार ५०० को हाराहारीमा ट्रान्सफर्मर मर्मत गर्ने लक्ष्य लिएको प्रमुख श्रेष्ठले बताए । 'हामीसँग चाहिने जति जनशक्ति छैन, केही समय ट्रान्सफर्मरमा प्रयोग हुने तेल र तामाको मूल्य बढेर आपूर्तिका लागि टेन्डर हुन नसक्दा मर्मतको काम रोकियो', उनले भने, 'पछिल्लो दुई महिनादेखि ट्रान्सफर्मर मर्मतको काम भइरहेको छ, लक्ष्य भेटाउने गरी काम गर्छौं ।'

वर्कसपले मधेश प्रदेश, गण्डकीका सबै जिल्ला तथा बागमती प्रदेशका मकवानपुर, चितवन, सिन्धुली जिल्लामा जडान भएका ट्रान्सफर्मर मर्मत गर्दै आएको छ । कुल ४९ जना जनशक्तिको दरबन्दी रहेको वर्कसपमा हाल २९ जना स्थायी, १५ जना ज्यालादारी र आठ जना करारका कर्मचारी कार्यरत छन् । प्रमुख श्रेष्ठकाअनुसार कार्यालयमा माथिल्लो तहको जनशक्ति भएपनि हेल्पर, जुनियर हेल्परको अभाव छ । 'ट्रान्सफर्मर खोल्न र लगाउन हेल्पर र जुनियर हेल्पर आवश्यक हुन्छ, ती कर्मचारी हामीसँग तीनजना मात्रै छन् । त्यसैले काम गर्न समस्या भइरहेको छ ।'

ट्रान्सफर्मर मर्मतको संख्या र दायित्व बढे पनि पुरानै दर बन्दीअनुसार जनशक्ति व्यवस्थापन हुँदा सोचेअनुसार काम गर्न समस्या रहेको उनले बताए । जनशक्ति व्यवस्थापनका लागि केन्द्रमा पटकपटक पत्राचार गरेपनि खासै उपलब्धि नभएको श्रेष्ठको भनाइ छ । उनकाअनसार हाल यहाँ महिनामा एक सय ५० देखि दुई सयसम्म ट्रान्सफर्मर मर्मत भइरहेका छन् । 'मुलुकमा खाना पकाउने ग्यासको अभाव भइरहेको छ, यस्तो अवस्थामा विद्युतीय चुलोको प्रयोग बढ्न सक्छ र गर्मी पनि बढ्ने भएकाले अत्यधिक संख्यामा ट्रान्सफर्मर बिग्रिन सक्ने सम्भावना छ', प्रमुख श्रेष्ठले भने, 'जनशक्ति नबढाइए समयमा ट्रान्सफर्मर गर्न कठिनाइ हुनसक्छ, यसमा केन्द्रको ध्यानाकर्षण गराइरहेका छौं ।'

# निर्माण सामग्री मकवानपुरमा तिमल्सिनाको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/निर्माण सामग्री व्यवसायी संघ मकवानपुरको अध्यक्षमा सुदिप तिमल्सिना (सञ्जिव) चयन भएका छन् । हेटौंडामा भएको संघको १५ औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशनले तिमल्सिनाको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो ।

संघको उपाध्यक्ष रोशन सापकोटा, महासचिव जीवन ढकाल, कोषाध्यक्ष अमित श्रेष्ठ, सचिव सुवास दाहाल तथा सदस्यमा धर्मराज ढकाल, सतिश अधिकारी, काशीनाथ छुत्कुली, राजन अधिकारी र सुरेश रिजाल चयन भएका छन् । अध्यक्षमा सर्वसम्मत चयन भएका तिमल्सिनाले संस्थागत एवम् व्यवसायिक हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले व्यवसायीले आफूलाई गरेको विश्वासलाई सदैव सम्मान गर्ने बताए । संघका तत्कालीन अध्यक्ष बालकृष्ण बजगाईंको अध्यक्षतामा भएको साधारणसभामा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको प्रमुख आतिथ्यता रहेको थियो ।

रानाभाटले समग्र व्यवसायी झैं निर्माण सामग्री व्यवसायी पनि पीडामा रहेको बताए । अब स्थिर सरकार आएपछि व्यवसायीलाई राहत पुग्ने उनको विस्वास रहेको थियो । सडक विस्तारको नाममा बजार अस्तब्यस्त हुँदा झन् समस्या भएको भन्दै अध्यक्ष रानाभाटले यस विषयलाई छिटो भन्दा छिटो किनारा लगाउन अनुरोध गरे । निर्माण सामग्री व्यवसायमा आबद्ध सबैलाई उद्योग वाणिज्य संघको सदस्यता लिन पनि उनले आग्रह गरे । निर्माण सामग्री व्यवसायी संघ मकवानपुरमा एकसय ५० भन्दा बढी व्यवसायी आबद्ध रहेका छन् ।

साधारणसभामा मकवानपुर अधिकृत विक्रेता संघका अध्यक्ष राजेन्द्र लामिछाने, निर्माण सामग्री व्यवसायी संघका सल्लाहकार नारायण बर्तौला, मउवा संघका वस्तुगततर्फको उपाध्यक्ष काव्यमणी अधिकारी, शिवम सिमेन्टका नायव महाप्रबन्धक राममणि त्रिपाठी, निर्माण सामग्री व्यवसायी संघका संस्थापक अध्यक्ष कृष्णराम न्यौपाने, ओम शिवम् पाइप एन्ड फिटिङका नायवमहाप्रबन्धक विक्रम खतिवडा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# स्वास्थ्य शिविरमा ३४३ जनाले लिए सेवा



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा विशेष स्वास्थ्य शिविर उत्साहजनक सहभागितासहित सम्पन्न भएको छ ।

स्वास्थ्यसेवा, मानव अधिकार र सामाजिक समावेशिताको सन्देश समुदायसम्म पुऱ्याउने उद्देश्यले आयोजित शिविरमा कुल ३४३ जनाले स्वास्थ्यसेवा लिएका आयोजकले जनाएको छ । शिविरमा पुनर्स्थापना केन्द्रमा उपचाररत सेवाग्राही, जोखिम समूहका व्यक्ति तथा स्थानीय समुदायका नागरिकले सक्रियरुपमा सहभागिता जनाएका थिए । कार्यक्रममा १७१ जनाको एचआईभी तथा हेपाटाइटिस 'सी' परीक्षण गरिएको थियो । परीक्षणको नतिजाअनुसार एचआइभी संक्रमणको कुनै पनि केस फेला नपरेको आयोजकले जानकारी दिएको छ भने ७ जनामा हेपाटाइटिस सी संक्रमण देखिएको बताइएको छ ।

संक्रमित देखिएका व्यक्तिलाई आवश्यक परामर्शसहित थप उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्थामा रेफर गरिएको छ । स्वास्थ्य शिविरमा अनुभवी चिकित्सकको टोलीले सेवा प्रदान गरेको थियो । सेवाप्रवाह गर्ने टोलीमा डा. गरिमा मैनाली (स्त्रीरोग विशेषज्ञ), डा. विनयप्रताप सिंह (इन्टरनल मेडिसिन विशेषज्ञ) तथा डा. आदित्य यादवेन्द्र (मनोचिकित्सक) सहभागी रहेका थिए । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका नर्स तथा हेल्थ असिस्टेन्टले पनि स्वास्थ्य परीक्षण, परामर्श तथा उपचार सेवामा सहयोग गरेका थिए । कार्यक्रमअन्तर्गत सामान्य स्वास्थ्य परीक्षण, मानसिक स्वास्थ्य परामर्श, संक्रामक रोग स्क्रिनिङ, औषधि परामर्श तथा जनचेतनामूलक गतिविधि सञ्चालन गरिएको थियो ।

विशेषगरी लागुऔषध प्रयोगकर्ता तथा पुनर्स्थापनाको प्रक्रियामा रहेका व्यक्तिलाई स्वास्थ्य सेवा र सम्मानजनक व्यवहारको पहुँच उपलब्ध गराउने प्रयासलाई सहभागीले सकारात्मकरुपमा लिएको आयोजकले जनाएको छ । आयोजकका अनुसार यस्तो पहलले समाजमा विद्यमान कलंक र विभेद न्यूनीकरण गर्दै स्वास्थ्य सेवामा समान पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । बहुसंस्थागत सहकार्य र समुदायको सक्रिय सहभागिताबाट यस्ता कार्यक्रमलाई अझ प्रभावकारी र दिगोरुपमा अगाडि बढाउन सकिने धारणा पनि व्यक्त गरिएको छ ।

सिआन पुनर्स्थापना केन्द्रका सल्लाहकार महेश्वरमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुखअतिथि प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी रहेका थिए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक श्यामबहादुर खत्री, बागमती प्रदेश प्रहरी कार्यालयका प्रतिनिधि, इलाका प्रहरी कार्यालय पशुपतिनगरका प्रहरी निरीक्षक, गैर सरकारी संस्था महासंघ बागमती प्रदेशका कार्यवाहक अध्यक्ष कमलकुमार विश्वकर्मा, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटालगायत विभिन्न संघसंस्था तथा समुदायका प्रतिनिधिको सहभागिता थियो ।

समापन समारोहमा राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख चन्द्रकान्त चापागाईंले स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सक तथा मेडिकल टोलीलाई प्रमाणपत्र प्रदान गरेका थिए । स्वास्थ्य शिविरले मकवानपुरमा विभेदमुक्त, समावेशी र मानव अधिकारमैत्री स्वास्थ्य सेवाको अवधारणालाई सुदृढ बनाउने प्रेरणादायी उदाहरण प्रस्तुत गरेको आयोजकको भनाइ छ ।




साझाकुरा

## हाम्रो कुरा

# ईथानोल उत्पादन खोई ?

नेपाली समाजमा एउटा उखान छ 'पैसा न सैसा टिकी ट्यासट्यास' अर्थात् उत्पादन छैन तर, इथानोल मिसाउने योजना तयार । सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ । मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' राजपत्रमा प्रकाशित भएको छ । यो आदेशमार्फत् स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जाक्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ । नेपाल आयल निगमले उपलब्धताअनुसार प्रतिलिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ । तर, ईथानोल उत्पादन भने छैन । नेपालमा इथानोल उत्पादनको सम्भावना भएपनि यसको व्यवसायिक उत्पादन भने छैन । इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेरजाने कृषि तथा वनजन्य जैविकपदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमलतरुल ( कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् ।

खाद्यान्नको दुरुपयोग रोक्नका लागि खाद्यान्नकारुपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ । उद्योगले प्रचलित कानुनअनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ । उद्योगले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ । निगमले पनि प्रत्येक ट्यांकरको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ । इथानोलको मूल्यनिर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनुअघि हुनेछ । मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ । निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ । नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ । उद्योगले सम्झौतामा उल्लंघन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ । इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ । अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्चसुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ । मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ । सरकारले इथानोल मूल्यनिर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ ।

समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन् । आदेशअनुसार समितिले कच्चापदार्थ लागत, करछुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा करछुट, कृषक र कृषि सहकारीलाई मल/बीज/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ । यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ । समितिले मूल्यनिर्धारण गर्दा प्राथमिक लागत (प्राइम कस्ट), कारखानाको शिरोभार लागत, प्रशासनिक तथा सञ्चालन खर्च र अन्य आवश्यक खर्चलाई आधार मान्ने छ, जसले गर्दा उत्पादक र उपभोक्ता दुवैलाई मार नपर्ने गरी वैज्ञानिक मूल्य निर्धारण हुने अपेक्षा गर्न सकिन्छ । इथानोल मिश्रित पेट्रोल प्रयोगबारे सर्वसाधारणमा हुनसक्ने भ्रम र जोखिमबारे सचेत गराउन र यसको उपयोगिताबारे जानकारी दिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी आयल निगमलाई दिइएको छ । यो आदेश कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भए त्यसको अन्तिम व्याख्या गर्ने अधिकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निहित रहने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ३ गते मंगलबार १७ मार्च २०२६ । त्रयोदशी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:१४ सूर्यास्त ६:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भूमिबाट लाभ लिने समय छ | तुला | : लेनदेनमा विवाद हुनेछ |
| वृष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | वृश्चिक | : धार्मिक कार्यले फाइदा हुनेछ |
| मिथुन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | धनु | : मन खिन्न बनाउन सक्छ |
| कर्कट | : काममा परिवारको सहयोग मिल्नेछ | मकर | : दिन उत्साहपूर्ण बन्नेछ |
| सिंह | : स्वास्थ्यमा कमजोरी हुनेछ | कुम्भ | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कन्या | : उपचारमा खर्च हुनेछ | मीन | : व्यावसायिक यात्राको सम्भावना छ |

# नयाँ सरकारसामु शासकीय सुधारको ठूलो अवसर



✍ चन्द्र घिमिरे

आम चुनाव २०८२ लगत्तै जनमानसको कौतूहल अर्को चरणमा प्रवेश गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले ऐतिहासिक जनमत पाएसँगै आगामी सरकारले के-कसरी आफ्ना वाचाहरू लागू गरेर देखाउँछ भन्ने कौतूहल चुलिएको छ । उक्त पार्टीले निर्वाचन पूर्व सुर्खेतबाट जारी गरेको १०० बुँदे 'वाचापत्र' र निर्वाचनका दिन मेची-महाकालीभित्रका ६ हजार ७४३ वटा वडाहरूमा नेपालका नागरिकहरूसँग गरेको 'नागरिक करार' कसरी लागू होला? यसबीच आकाशिएको जनाकांक्षा र युवाकांक्षालाई पूरा गर्न के सम्भव होला?

यस्तै प्रश्नहरूको जवाफ खोज्दै केही दिनभित्र गठन हुने नयाँ सरकारको अग्निपरीक्षा शुरु हुनेछ । त्यो अग्निपरीक्षा हो, गरेका वादा र बढेका जनाकांक्षा अनुरुप देशलाई स्थिरता र समुन्नतिको राजमार्गमा हाँक्ने । उता शासन गर्ने सिंहदरबारतिर फर्कौं । जेनजी विद्रोह दौरान गत भदौ २४ मा तहसनहस भएको केन्द्रीय सचिवालय सिंहदरबारमा अनगिन्ती चुनौतीले नयाँ सरकारलाई कुरेर बसिरहेको छ ।

यी र यस्ता चुनौतीको भारले थिचिएर बस्ने छुट नयाँ सरकारलाई मतदाताले दिंदैनन् । तर सान्दर्भिक सवाल यो छ कि यी सबै चुनौती समाधान गर्न के अहिलेको कर्मचारीतन्त्र सबल छ? 'छैन' भन्ने जवाफ अवश्य आउँछ आम जनमानसको कोरसबाट । यसैले अब्बल शासकीय सुधार यो समयको व्यग्र खोजी हो । शासकीय सुधारको कुरा चल्दा कर्मचारीतन्त्रमै फेरि फर्कौं । एउटा रोचक ब्राजिलियन चुट्किला छ । राजनीतिक समाजशास्त्री प्रोफेसर रबर्ट इभान्स आफ्नो प्रसिद्ध पुस्तक 'इम्बेडेड अटोनोमी' (गाँसिएको स्वायत्तता) यही चुट्किलाबाट शुरु गर्छन् ।

चुट्किलाको भावार्थ यस्तो छ । एकदिन देश-संसार हेर्न दुई वटा सिंह चिडियाखानाबाट भाग्छन् र तिनले अलग-अलग बाटो तताउँछन् । पहिलो सिंह बाक्लो वन भएको पार्क भएतिर छिर्छ । भोकको सुरमा नजिकै हिंडिरहेको एउटा मान्छेलाई खाँदाखाँदै ऊ पक्राउ पर्छ । मुसो जस्तो भएर ऊ चिडियाखानामा फिर्ता आइपुग्छ । अर्को सिंहको महिनौं दिनसम्म कुनै अत्तोपत्तो हुँदैन । एकदिन ऊ पनि पक्राउ परेर त्यही चिडियाखानाको खोर मा आइपुग्छ । निकै फष्टपुष्ट भएर फिरेको दोस्रो सिंहलाई देख्नासाथ कौतूहलपूर्वक पहिलो सिंहले सोधिहाल्छ- "यतिका दिनसम्म यसरी सकुशल लुक्ने ठाउँ कहाँ फेला पार्‍यौ साथी?"

सरकारको एउटा मन्त्रालयमा भन्ने जवाफ दोस्रोले झटपट फर्काउँछ । ऊ अझै भन्दै जान्छ, हरेक तीन दिनमा एउटा सरकारी कर्मचारी खाने गर्थें । कसैले थाहै पाउँदैनथे । "अनि कसरी पक्राउ पर्‍यौ त !" नथामिएर पहिलोले पुन: सोधिहाल्छ । गल्तीवश एकदिन बिहानको सत्रमा कफी बनाउने कामदार खाएछु । त्यसपछि थाहा पाइहाले र म तत्कालै पक्राउ परिहालें । बहुत उदास हुँदै उसले जवाफ फर्काउँछ । यो चुट्किलाभित्र थुप्रै सन्देश भेटिन्छन् ।

मन्त्रालयमा कर्मचारी काम गर्दैनन् र यसैले गर्दा कर्मचारी अफिसमा भए/नभएको थाहा-पत्तो नै नहुने अवस्था दर्शाउँछ । सरकारी कर्मचारीको अत्तोपत्तो नै नहुने भएपछि कामको कुरो दुरको विषय भइगयो । हालसम्मको सरकारहरूको सफलता र असफलतामा कर्मचारीतन्त्रको समेत संलग्नता छ । यो सत्यलाई स्वीकार्न किन्तु परन्तु भन्नुपर्दैन । विगतमा भएका सुधार प्रयासलाई धन्यवाद दिउँ । तर असफलताका लागि के गर्ने त? सरकार प्रमुखले कर्मचारीतन्त्रलाई दोष दिएर वा गालीगलौज गरेर दिन खेर फाल्ने कुरा भएन । यसमा चाहिएको सुधार गर्ने आँट नै हो । आखिरकार कर्मचारीतन्त्रको विकल्पको आविष्कार भइसकेको अवस्था छैन । दुनियाँभरका राज्य संयन्त्रहरू चलिरहेछन् सुधारको विकल्पले ।

'सरकार हाम्रा समस्याहरूको समाधान हैन- सरकार नै समस्या हो' भन्दै कुर्लिने खुला बजारका पक्षपाती रोनाल्ड रेगन एकताका (सन् १९८१-१९८९) अमेरिकामा राष्ट्रपति थिए । उनले पनि कर्मचारीतन्त्रमा सुधार गर्दै आफ्ना नीतिहरूको सफल प्रयोग गरेर गए । रेगन अन्तत: सफल मात्रै भएनन्, रूपान्तरणकारी राष्ट्रपतिको छोटो सूचीमा गनिए र उनको नवउदारवादी सुधारलाई 'रेगनामिक्स' भन्न थालियो ।

यसै पनि हरेक राजनैतिक उथुलपुथल पछि शासकीय सुधार गर्ने संसारमा चलेको रित हो । त्यसमाथि ठूलो वाचा सहित शासनमा उक्लिएको सरकारले यो सुधार नगरी पाइला सर्दैन । अहिले हिंडेर पुगिने अवस्था छैन । कस्सिएर दौडिनुपर्नेछ । नेपाली समाजले व्यापक र तीव्रतर सुधारहरू मागेको छ । तर त्यस्ता सुधारको तर्जुमा गर्नेदेखि लिएर लागू गर्ने सवारी साधन कर्मचारीतन्त्र नै हो । यसलाई भरपर्दो म्याराथन धावक बनाउने शासकीय सुधारले हो ।

यस अन्तर्गत भ्रष्टाचार नियन्त्रण, प्रशासनिक तथा निजामती सुधार, न्यायिक क्षेत्र सुधार, राजस्व सुधार, प्रहरी प्रशासन सुधार, सुरक्षा क्षेत्र सुधार, सार्वजनिक सेवा सुधार, कूटनीतिक क्षेत्र सुधार, निर्वाचन प्रणाली सुधार, अन्तर सरकार सम्बन्ध सुधार लगायत अनेकन् पहलहरू भावी सरकारप्रमुखको प्राथमिकताको राडारमा पर्नुपर्ने छँदैछ । यसो भन्दा विगतमा सुधार नगरिएको हैन । तर अबको सुधारले थप मागेको डिजिटल रूपान्तरण र कार्यान्वयन सहितको सुधार हो ।

मलाई लाग्छ, पाँच वर्षको कार्यकाल लिएर आएको भावी सरकारको पहिलो एक-दुई साल यिनै शासकीय सुधारहरूमा बेस्सरी खर्चनुपर्नेछ । बाँकी रहने समयमा द्रुत र उच्च आर्थिक वृद्धिको प्राप्ति र लाभको न्यायपूर्ण वितरणमा अत्यधिक खर्चिनुपर्ने हुन्छ । अर्को चुनौती भनेको अबको सुधार बहुतले हुनुपर्छ अर्थात् उँधोउँभो (भर्टिकल) समेटेको हुनुपर्नेछ । सुधारभित्र सबै तहको शासकीय संरचनाहरू समेटिनुपर्नेछ । केवल संघीय सरकारको तहमा गरेको सुधार जनसमक्ष पुग्दैन । प्रदेश सरकार र स्थानीय तहमा समेत सुधारको सिंचाइ पुग्नुपर्नेछ । यसका अतिरिक्त तेर्सो (होराइजन्टल) सुधार पनि उत्तिकै आवश्यक देखिन्छ । केवल कार्यपालिकाले आफूभित्र गरेको सुधारले पुग्दैन ।

राज्य संयन्त्रभित्र प्रशासनिक संरचनाभन्दा वरपर रहेका संवैधानिक लगायत केन्द्रीय तहका विभिन्न अङ्गमा सुधार पुग्नुपर्नेछ । यसै पनि भनिन्छ, नेपालमा तीन तहको सरकारबाट करीब पच्चीस सयदेखि पैंतीस सय वटा सेवाहरू नागरिकहरूलाई दिने गरिएको भनिन्छ । अधिकांश ती सेवाहरूको डिजिटलाइजेशन हुन सिङ्गै बाँकी छ । हेर्दा हर्कुलसको जस्तो देखिएला यो भीमकाय परिवर्तन । तर यसको लागि आगामी सरकारको कम्मर शुरुवातदेखि नै कस्सिएको हुनुपर्नेछ । तथापि यी तमाम सुधारहरू एकै खेपमा नसकिएर खेप-खेपमा वा नियमित रूपमा गर्नुपर्ने हुन सक्छ । यस्तो पृष्ठभूमिमा शासकीय सुधार पहिलो खेपको सुधारको प्राथमिकतामा नपरे राज्य संयन्त्र गाडी हैन, ठेलागाडा बन्ने खतरा मडारिन्छ । त्यसबाट आम नागरिक खासगरी युवा पुस्तामा फेरि झ्यांगिन सक्ने निराशा र त्यसको दुष्परिणाम सबैका लागि ज्यादै महँगो पर्न सक्छ ।

यहाँनेर भन्नै पर्ने हुन्छ "भइहाल्छ नि" भन्ने पुरातन शैलीले सुधारमा सिन्को भाँच्दैन । यसै पनि संसारमा सुधार सित्तैंमा अथवा नि:शुल्क भएको छैन । यसमा केही न केही लागत लागेकै हुन्छ । कसै न कसैले केही न केही मूल्य चुकाउनै पर्ने हुन्छ । साथै सुधारबाट फल्ने फल खान पाक्ने समय कुर्नुपर्ने हुन्छ । यसरी कुर्नु पर्दा खप्नुपर्ने प्रसव-पीडा कहिलेकाहीं चर्को पनि हुन सक्छ । यसबीच चुकाउनुपर्ने ठूलो मूल्य सरोकारवालाहरूको आक्रोश र विरोधले उत्पन्न गराउँछ । 'सुधार थकान' (रिफर्म फटिग) भन्ने विशेष परिस्थिति हुन्छ जसले कैयन् सुधार कर्तालाई औधी सताउँछ र गलाउँछ । टि रेनें बोएन र अन्यले गरेको अनुसन्धानात्मक लेखको निचोड नेपालका हकमा निकै सान्दर्भिक छ ।

शुरुशुरुमा राजनीतिकर्मीहरू सुधारमा तातेर लाग्छन् । तर विस्तारै शुरुका सुधार अभ्यासहरू जब असफल हुन्छन् उनीहरू पनि क्रमश: सुस्ताउँदै सेलाउँदै जान्छन् । यद्यपि यस्तो अवस्थाबाट बचेर सुधार जारी राख्नुपर्ने हुन्छ । हो, कुशल शासकको परीक्षा यहींनेर हुन्छ । उसले कत्तिको सुझबुझपूर्ण तवरले तमाम बाधा अवरोधको आँधीबेरीमा नथाकी सुधारको जहाजलाई सकुशल गन्तव्यसम्म पुर्‍याउँछ, त्यो हेर्न भविष्यसम्म कुर्नै पर्ने हुन्छ ।

सुधार विरुद्ध हुने विरोध अर्को खड्को छ जसको केही पूर्वानुमान गर्न सकिन्छ । यसै पनि सुधार संस्थाहरूको दक्षता बढाउन र सेवा अथवा वस्तुको उत्पादन वा उत्पादकत्व बढाउन गरिन्छ । सधैं अदक्षताको लागत भार आम नागरिक वा राज्यमाथि बोकाइरहँदा एक सानो समूहलाई सधै सुविधा र फाइदा पुगिरहेको हुन्छ । यस्तै समूहलाई एकथरी आलोचकले 'तरमारा' पनि भन्ने गर्छन् । यस्तै प्रसङ्गमा हो रेगनले सरकारको समाधान बजारमा भएको इङ्गित गरेका थिए । त्यसका लागि सेवा तथा वस्तु उपलब्ध गराउने क्षेत्र बजारलाई छोड्दै जानुपर्ने हुन्छ । जस्तै: वायुसेवाका लागि नेपाली आकाश र जलविद्युत् उत्पादनको ढोका निजी क्षेत्रलाई खुला गरेपछि निजी क्षेत्रले निकै फड्को मार्‍यो । सेवा प्रदायक वायुसेवाहरू खुले । बिजुली उत्पादन ह्वात्तै बढ्यो । तर पनि वर्षौंबाट हिंडिरहेको बाटो छोडेर नयाँ बाटो हिंड्न खोज्दा नै हो अवरोध आउने !

सुधार गर्दा आउने बाधाको लेखाजोखा गर्दा विदेशी लगानीका लागि नयाँ-नयाँ क्षेत्रहरू खोल्नुपर्‍यो भने अहिलेसम्म एकाधिकार भोग गरिरहेका स्वदेशी व्यवसायीहरूबाट संभवत: विरोध आउन सक्छ । किनकि यहाँनेर 'क्रोनी-क्यापिटालिज्म' (आसेपासे पूँजीवाद) ले घर गरेर बसेको हुन सक्छ । निजामती क्षेत्रभित्र अलि ठूलो सुधार खोजियो भने संभवत: कर्मचारीका संघ-संगठनहरूबाटै विरोध हुन सक्छ । सार्वजनिक विद्यालय शिक्षा प्रणालीमा सुधार गर्नु पर्दा सरकारी शिक्षकहरू विगतमा जस्तै फेरि पनि आन्दोलित हुन सक्छन् । किनकि अधिकांशलाई दक्षतामा भन्दा खाईपाई आएको सुविधामा बाँच्ने कुलत बसिसकेको हुन्छ ।

संसारमा भएको सुधारको प्रतिरोधतिर फर्किएर हेर्दा लामो फेहरिस्त भेटिन्छ । यतिखेर केही झलक मात्रै हेरौं । भारतले २०२०-२०२१ मा निकै लामो र ठूलो किसान आन्दोलन झेल्नु पर्‍यो । त्यो त्यतिखेर भयो जब भारत सरकार २०२० सेप्टेम्बरमा कृषि सम्बन्धी तीन वटा कानून निर्माणमा एकैचोटि अघि बढ्यो । ठिक यति नै बेला अर्जेन्टिना सरकारले अर्थतन्त्रमा लगानी बढाउने ध्येयले भन्दै संसद्मा ल्याएको श्रम विधेयकको विरोधमा श्रमिक संगठनहरू धमाधम आन्दोलित भइरहेका छन् । सन् २०२३ मा फ्रान्स सरकारले पेन्सन सुधारका लागि पेन्सनको उमेर बढाउने विधेयक ल्याउँदा महिनौंसम्म फ्रान्सभरि आन्दोलन सल्कियो ।

स्वाभाविक हो, सुधार हिंड्ने बाटोमा अनेक खाले जोखिमहरू उम्रिन्छन् नै । माथि भनिए अतिरिक्त कतिपय सुधारहरू आफैंमा चटके शैलीका पनि हुन्छन् । ती तत्काल त चटपटे स्वादको हुन्छ तर दिगो हुन्न । त्यस्तै कतिपय 'घाँटीभन्दा ठूलो हड्डी' भने जस्तो औकात भन्दा ठूला चुनावी वादाहरू त झनै दिगो हुन्नन् । मूलत: लोकप्रियतावाद हावी भएर गरिने सुधार स्वभावैले चटकपूर्ण र औकात भन्दा ठूला हुने गर्छन् । यसरी गरिने सुधार सार्वजनिक खपतका लागि नै हुन्छ । बरु एउटा राम्रो फिल्म बने समाज परिवर्तनका लागि लामो समयसम्म नमेटिने छाप छोड्न सम्भव हुन्छ तर सुधारका नाममा गरिने स्टन्टबाजी वा चटकबाजीले देशको ड्यासबोर्डमा गन्न वा भन्न लायक परिणाम देखाउँदैन ।

यसैले अपेक्षा गरिन्छ कि सुधार बरु अलोकप्रिय होस् तर दिगो होस् । तत्काल हल्लाखल्ला गर्ने भन्दा गरेर देखाउन सकिने, दीर्घकालसम्म टिक्ने र फल दिने होस् । त्यस्तो फलमा सबैको हक लागोस् । भुइँ नागरिकले सेवा लिन जाँदा सरकारी कार्यालय धाउनु पर्दा सुधार अनुभूत गर्न सकोस् । अस्पतालको सेवा सुधिएमा, यातायात कार्यालयमा लाइन बस्नु नपरेमा वा बिचौलिया निमिट्यान भएमा, मोटर साइकल चढ्नु नपर्ने गरी महानगरहरूमा सार्वजनिक यातायातले द्रुतसेवा दिएमा जनजनले सुधारवादी सरकारको महसूस गर्नेछन् ।

विगतमा नेपालको शासकीय सुधारले अनेकन् विडम्बना झेल्दै आएको छ । भविष्यमा अझै त्यो नहोला भन्न सकिन्न । अर्को कुरा, सुधारको नालीबेली केलाउँदा धेरैजसो सुधार अल्पायुको हुने गरेको भेटिन्छ । जब सुधारका खातिर गठन गरिएको आयोग वा उच्चस्तरीय कार्यदलले प्रतिवेदन बुझाउँछ, त्यो सुधारको असामयिक देहान्त तत्कालै भइहाल्ने गरेका दृष्टान्तहरूको लामो रामकहानी छ ।

रामकहानीभित्र धुलोले पुरेका प्रतिवेदनहरू बेहिसाब हराएका छन् । अत: सुधारलाई कसरी दीर्घजीवी वा दिगो बनाउने भन्ने सवाल सुधारको नक्शा कोर्दै गर्दा सुधारको आर्किटेक्टले विचार गर्नुपर्छ । विभिन्न मुलुकमा गरिएका निजामती सुधारमाथि सेरा रेपुचीले २०१२ मा गरेको अनुसन्धान नेपालका लागि पनि सान्दर्भिक भएको पाएँ । उनले संसारमा औसत ६ खाले अवरोध व्याप्त रहेकोतर्फ ध्यानाकर्षण गराएकी छिन् । तिनमा राजनैतिक इच्छाशक्तिको अभाव, योग्यतामा आधारित प्रणाली (मेरिटोक्रेसी) विपरितका गलत स्वार्थ, सुधारमा संलग्न हुने संस्थाहरूको कमजोर क्षमता, सुधारको गैर-दिगोपना, तथ्यमाथि आधारित नभएका विश्लेषण र दाताहरूका सीमा वा कमजोरी अत्यधिक जिम्मेवार हुने गरेको भेट्टाइन्छ ।

नेपालको प्रशासनतन्त्रमा हालसम्म गरिएका सुधारको असफलतामा कतिपय यिनै फ्याक्टरहरू अत्यधिक जिम्मेवार छन् । यसतर्फ नेपाली सुधारकर्ताहरू विशेष सतर्क हुन जरूरी छ । मेरो अनुभवमा कमसेकम शासकीय सुधार दाताको भन्दा घरेलु-उपज भएको बेस हुन्छ । अरूबाट मात्रै हैन, आफ्नै विगतको सफलता र असफलताबाट पनि सिक्न सकिन्छ । तर सुधार गर्ने हतारोमा सिक्न बिर्सनुभएन ।

अन्त्यमा, इतिहासकै जटिल कालखण्डमा निजामती प्रशासनले कठिन जिम्मेवारीहरू वहन नगरेको हैन । पूर्व मुख्यसचिव विमल कोइरालाको आँखामा जनमत संग्रह २०३७, आमनिर्वाचन २०४८ र आमचुनाव २०६४ र भर्खरै सम्पन्न आमचुनाव २०८२ दौरान यसले पाएको जिम्मेवारी फत्ते गरेको छ । संकट व्यवस्थापनमा नेपाली प्रशासन अब्बल देखिन्छ । उहाँ भन्नुहुन्छ, तर अरू समयमा यो ढिलो, प्रक्रियामुखी र नतिजाविमुख छ । मलाई लाग्छ, विगतमा माओवादी युद्ध दौरान गाउँगाउँबाट विस्थापित भएको स्थानीय सरकारको अभिभारा कर्मचारीले वहन गर्नु पर्दा निजामती प्रशासनले साहसका साथ निकै लामो समय त्यो ऐतिहासिक जिम्मेवारी फत्ते गरेको पक्कै हो । तर विगतमा घ्यू खाएको हत्केला सुँघेर मात्र पुग्दैन ।

आशा गरौं, अबको शासकीय सुधारले नयाँ सरकारको मार्गचित्रलाई चाहिने भारवहन क्षमता दिलाउन सकोस् । प्रशासनिक संयन्त्र आउँदो पाँच वर्षभित्र सदाचारी राज्य निर्माण गर्न र ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार सूचकांकमा भारी सुधार गर्न योग्य होस् । देशको जीडीपीको आकार १०० अर्ब डलरसम्म पुर्‍याउन मद्दतकारी हुने र १२ लाख नयाँ रोजगारी सृजना गराउन सक्ने होस् ।

दश वटा राष्ट्रिय महत्वका 'सिग्नेचर आयोजना' सम्पन्न गर्ने, १५ हजार मेगावाट विद्युत् उत्पादन गराउन सक्ने र ३० हजार कि.मी. राष्ट्रिय राजमार्ग निर्माण गराउन सक्ने होस् । एकीकृत सामाजिक सुरक्षाको ग्यारेण्टी र सार्वजनिक शिक्षामा आमूल सुधार गर्न सक्षम होस् । विदेशमा बस्ने नेपालीलाई अनलाइन मताधिकार दिने, सार्वभौम डायस्पोरा फण्ड कार्यान्वयन गर्ने, सुरक्षित लगानी र सम्मानित देश फिर्ती गराउने र मर्यादित वैदेशिक रोजगारी दिलाउन सक्ने होस् ।

यी सबैका लागि ठूलो मात्रामा चाहिने स्रोत-साधन, प्रविधि र बजार जुटाउन घरभित्र र बाहिर आर्थिक कूटनीति र विकास कूटनीति कुशल भई तिनमा नेपालको पहुँच व्यापक विस्तार गराउन सकोस् । संक्षेपमा, चुनावको बेला जारी गरेको 'वाचापत्र' र 'करारपत्र'लाई हुबहु लागू गराउन सक्ने क्षमता अबको शासकीय सुधारले दिलाउनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# वातावरण संरक्षणमा युवापुस्ताको अग्रणी भूमिका

✍ नरेश बटाला

पृथ्वीमा रहेका जीव, जनावर, वनस्पति, हावा, पानी, माटो, सांस्कृतिक तथा सामाजिक प्रणाली आदि सम्पूर्ण जैविक तथा अजैविक वस्तुहरुको सामूहिक स्वरुप, अस्तित्व र आपसी अन्तरसम्बन्ध नै वातावरण हो । प्रत्यक्ष वा परोक्षरुपले वातावरणमा बढ्दो शहरीकरण, बढ्दो औद्योगीकीकरण, प्राकृतिक स्रोतमाथिको तीव्र दोहन, अम्ल वर्षा, मरुभूमीकरण, बाढी, पहिरो, अनावृष्टि, ओजन तह विनाश आदिले क्षति नपुर्‍याई स्याहार, सम्भार, संवर्द्धन तथा सदुपयोग गर्नु वातावरण संरक्षण हो । यही वातावरणको संरक्षण र संवर्द्धनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सबैभन्दा महत्वपूर्ण र भरपर्दो समूहको नाम हो युवापुस्ता ।

वातावरण मानवजीवन व्यतीत गर्ने प्रमुख आधार इलाका हो । स्वच्छ हावा, सफा पानी, वनजंगल, उर्वर माटो र जैविक विविधताविना मानवसभ्यताको अस्तित्व कल्पना पनि गर्न सकिँदैन । पछिल्ला वर्षहरुमा हुँदै गएको तीव्र जनसंख्या वृद्धि, अव्यवस्थित शहरीकरण, औद्योगिकीकरण, वन विनाश र अत्यधिक उपभोगवादी जीवनशैलीका कारण विश्वव्यापीरूपमा वातावरण गम्भीर संकटमा पर्दै गएको छ । जलवायु परिवर्तनका असरहरू- अनियमित वर्षा, तापक्रम वृद्धि, बाढी-पहिरो, खडेरी, वन-डढेलो र जैविक विविधताको ह्रास आज सामान्य बन्दै गएका छन् । नेपालजस्तो भौगोलिक रूपमा संवेदनशील र विकासोन्मुख देशका लागि यी समस्याको प्रभाव झन् गहिरो रुपमा देखिँदै गएका छन् ।

यस्तो अवस्थामा वातावरण संरक्षण केवल सरकार, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाको जिम्मेवारी मात्र नभई पृथ्वीमा रहेका प्रत्येक मानवको साझा दायित्व हो । यस अभियानको अग्रपंक्तिमा रही वातावरण संरक्षणमा प्रमुख भूमिका खेल्न सक्ने महान् शक्ति भनेको सचेत, ऊर्जाशील र परिवर्तनप्रति प्रतिबद्ध युवा समूह हो । नेपालको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार कुल जनसंख्याको उल्लेखनीय हिस्सा अर्थात् १६ देखि ४० वर्षको युवाको जनसंख्या ४२.५ प्रतिशत रहेको छ । यति ठूलो हिस्सा भएको युवा समाजको सबैभन्दा सक्रिय र सिर्जनशील वर्ग हो । उनीहरूमा नयाँ सोच अपनाउने, प्रविधि प्रयोग गर्ने र सामाजिक परिवर्तनको नेतृत्व गर्ने क्षमता उच्च हुन्छ । इतिहासले पनि के सिद्ध गरेको छ भने सामाजिक, राजनीतिक र आर्थिक परिवर्तनका अधिकांश आन्दोलन युवाबाटै शुरु भई सफलसमेत भएका छन् ।


त्यसैले वातावरण संरक्षणको क्षेत्रमा पनि युवाको भूमिका गौण होइन, निर्णायक हुन सक्छ । वातावरणीय संकट दीर्घकालीन भएकाले यसको समाधान पनि दीर्घकालीन सोच र निरन्तर प्रयासबाट मात्र सम्भव हुन्छ, जुन जिम्मेवारी युवाले बहन गर्न सक्छन् । आज नेपालले भोगिरहेका वातावरणीय समस्याहरू बहुआयामिक छन् । काठमाडौं उपत्यकामा बढ्दो वायु प्रदूषण, नदीनालामा फोहोर र ढलको मिसावट, प्लास्टिकजन्य फोहोरको अत्यधिक प्रयोग, वनक्षेत्रको अतिक्रमण, जैविक विविधताको क्षय र जलस्रोतको दुरुपयोग प्रमुख चुनौतीका रूपमा देखिएका छन् । ग्रामीण भेगमा समेत बाढी, पहिरो र खडेरीले जनजीवन प्रभावित बनाइरहेको छ । यी समस्याको समाधानका लागि नीतिगत सुधारसँगै नागरिक तहबाट व्यावहारिक परिवर्तन आवश्यक हुन्छ । यही ठाउँमा युवाको सक्रिय सहभागिताले तत्कालै सकारात्मक परिणाम दिन सक्छ ।

सूचना प्रविधि र नवप्रवर्तनको क्षेत्रमा युवाको योगदान झनै महत्वपूर्ण छ । आजका युवा प्रविधिमा दक्ष छन् र नयाँ सोचलाई व्यवहारमा उतार्न सक्षम छन् । नवीकरणीय ऊर्जा, हरित प्रविधि, फोहोर व्यवस्थापन, जल संरक्षण र वातावरणमैत्री उद्यममा युवाले नवीन समाधान दिन सक्छन् । सौर्य ऊर्जा, बायोग्यास, विद्युतीय सवारीसाधन, कागजरहित डिजिटल प्रणालीजस्ता उपायहरूको प्रवर्द्धनमा युवाको सक्रियता आवश्यक छ । वातावरण संरक्षणलाई रोजगारी, उद्यम र आर्थिक विकाससँग जोड्न सकेमा दिगो विकासको मार्ग फराकिलो बनाउन सकिन्छ । वातावरण संरक्षण दीर्घकालीन नीति र दृढ नेतृत्वविना सम्भव हुँदैन । त्यसैले युवाले केवल अभियानमा सीमित नभई नीति निर्माण प्रक्रियामा समेत चासो देखाउनुपर्छ ।

क्रमश: पृष्ठ-३....

# सरकारी अध्ययन निष्कर्ष : जेनजी आन्दोलन युवाको क्षणिक आक्रोश होइन

काठमाडौं/२३ र २४ भदौको जेनजी आन्दोलन युवाको क्षणिक आक्रोशमात्र नभएको निष्कर्ष सरकारी अध्ययनमा देखिएको छ । अर्थ मन्त्रालयले त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभाग कीर्तिपुर मार्फत गरेको अनुसन्धानले जेनजी आन्दोलन 'भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत असफलता विरुद्धको सामूहिक तथा संरचनात्मक प्रतिक्रिया' भएको निष्कर्ष निकालेको हो ।




यस अध्ययनले सुशासन र संस्थागत सुधार, मेरिटमा आधारित प्रशासन, अनिवार्य डिजिटल गभर्नेन्स, समयसीमाबद्ध नीति कार्यान्वयन, गुणस्तरीय रोजगारी सिर्जना, शिक्षा र सिपलाई बजार सँग समन्वय, डिजिटल अधिकार संरक्षण र नीति निर्माणमा युवाको संस्थागत सहभागिता आवश्यक रहेको समेत निष्कर्ष निकालेको छ ।

यी पक्षमा हुने सुधार कार्यान्वयनले युवाको विश्वास पुनर्स्थापना, सामाजिक स्थायित्व र दिगो लोकतान्त्रिक तथा आर्थिक विकास सम्भव हुनेसमेत अध्ययनको निष्कर्ष छ । अर्थशास्त्र केन्द्रीय विभागले प्रा. डा. रामप्रसाद ज्ञवाली, डा. प्राशु नेपाल र डा. दीपकबहादुर अधिकारी मार्फत उक्त अध्ययन गरेको थियो । प्रतिवेदन अर्थ मन्त्रालयले सार्वजनिक गरेको छ ।

'डिजिटल प्रविधिमा हुर्किएको, शिक्षित, सचेत जेनजी पुस्ताले लोकतान्त्रिक शासन प्रणालीमा पारदर्शिता, न्याय, अवसर र उत्तरदायित्वको अपेक्षा राखिएको भए पनि ती अपेक्षा समयमा पूरा हुन नसक्दा यो पुस्ताको असन्तोष नै जेनजी आन्दोलनको रूपमा अभिव्यक्त भएको देखिन्छ,' प्रतिवेदनमा छ । प्रतिवेदन अनुसार तथ्यांक संकलनका लागि ७ वटै प्रदेशको प्रतिनिधित्व हुने गरी ४ सय २० उत्तरदाता समेटेर प्रश्नावली सर्वेक्षण गरिएको थियो । साथै अन्तर्वार्ता, समूहगत छलफल, द्वितीय स्रोतसमेत प्रयोग गरी प्रतिवेदन तयार पारिएको हो ।

जेनजी आन्दोलन केवल नेपालमात्र नभई विश्वव्यापी परिघटनाका रूपमा देखापरेको समेत प्रतिवेदनमा उल्लेख छ । अमेरिका, एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा भएका आन्दोलनमध्ये बंगलादेश र इन्डोनेसियाका उदाहरणले जेनजी आन्दोलन प्राय नेतृत्वविहीन, विकेन्द्रित, डिटिजल प्ल्याटफर्ममा आधारित र समावेशी एजेन्डा सहित सञ्चालन भएको पाइएको छ ।

जेनजी आन्दोलन ह्यासट्याग अभियान, डिजिटल प्ल्याटफर्ममा संगठित र मिम राजनीति जस्ता रणनीतिले युवा, महिला, श्रमिक र अल्पसंख्यक समुदायलाई एउटै प्ल्याटफर्ममा जोड्दै नीतिगत सुधार र शासन पुनर्संरचनामा प्रभावकारी दबाब सिर्जना गरेको समेत प्रतिवेदनमा उल्लेख छ । यस आधारमा हेर्दा जेनजी आन्दोलन केवल सामाजिक विरोधमात्र नभई पारदर्शिता, जवाफदेहिता, नयाँ राजनीतिक संस्कृतिको माग गर्ने र संरचनात्मक परिवर्तनको उत्प्रेरकका रूपमा भएको देखिएको छ ।

**आर्थिक कारण के ?**

अध्ययनले जेनजी आन्दोलनको सामाजिक-आर्थिक पृष्ठभूमि खोतल्ने प्रयास गरेको छ । जसमा बढ्दो सहरीकरण, बेरोजगारी, समान अवसर अभाव, रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता, अव्यावहारिक शिक्षा र स्वदेशी रोजगारीको न्यूनताले वर्तमान पुस्ता प्रत्यक्ष प्रभावित भएको निष्कर्ष निकालिएको छ ।

स्थलगत सर्वेक्षण अनुसार जेनजी आन्दोलनमा सहभागीमध्ये ९८ प्रतिशतले माध्यामिक वा त्यसभन्दा माथिल्लो शिक्षा हासिल गरेका थिए । उमेरगत हेर्दा ठूलो समूह १६ देखि २५ वर्षको थियो । पेसागत हेर्दा विद्यार्थी, बेरोजगार युवा र स्वरोजगार युवा बढी सहभागी थिए । बढ्दो बेरोजगारी, रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता, न्यून आय, रोजगारमा न्यून ज्याला, आर्थिक अस्थिरता, विकास प्रणाली समावेशी नहुनु र विकासको नमुना रोजगारीमा प्रश्रय दिने खालको नहुँदा युवामा बढी असन्तोष रहेको देखिएको छ । उद्यमशीलताका अवसर सीमित हुनु र आर्थिक असमानता बढ्दै जाँदा युवामा आक्रोश बढिरहेको देखिएको छ ।

**डिजिटल स्वतन्त्रतामा लगाइएको प्रतिबन्धको आक्रोश**

अध्ययन अनुसार आन्दोलन हुनुमा राजनीतिक नेतृत्वप्रति घट्दो विश्वास, डिजिटल स्वतन्त्रतामा लगाइएको प्रतिबन्ध, राजनीतिक नेतृत्व र तिनका सन्तति तथा नातेदारको विलासी जीवनशैली, सेवा सुविधामा सीमित व्यक्तिको पहुँच मुख्य कारण मानिएको छ ।

इमानदार राजनीतिक कर्मी राज्य सुविधाबाट वञ्चित हुनु, रोजगारीमा आधारित शिक्षा नहुनु, उच्च शिक्षा भए पनि योग्यता अनुसार रोजगारी नपाउनु, समाजका सीमान्तकृत व्यक्ति विकासको मूल प्रवाहमा नआउनु र राजनीतिक नियुक्तिमा नेतृत्वका नातेदार र आफन्तलाई मात्र नियुक्ति गरिनु समेत आन्दोलनको जड कारणका रूपमा रहेको छ ।

**सुशासन अभाव**

प्रशासनिक प्रक्रियामा धेरै समय लाग्ने र झन्झटिलो प्रक्रियाले युवालाई आक्रोसित बनाएको अध्ययनले देखाएको छ । सेवा प्रणालीमा एकद्वार अभाव, मालपोत, कर तथा सेवा दस्तुर बुझाउने ठाउँमा सेवा भावना अभाव, सार्वजनिक प्रशासनमा पारदर्शिता अभाव, सार्वजनिक संस्थाहरूमा कार्यदक्षता अभाव, सेवा प्राप्ति हुने क्षेत्रमा नातावाद र कृपावाद हावी हुनु, न्याय प्रणालीमा ढिलासुस्ती लगायत कारण युवामा असन्तुष्टि बढाएको पाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# तुलसी घिमिरे निर्देशित 'पहाड'को टिजरमा के छ ?



काठमाडौं/तुलसी घिमिरेको निर्देशनमा बनेको फिल्म 'पहाड'को टिजर सार्वजनिक गरिएको छ । आइतबार युट्युबमार्फत सार्वजनिक झण्डै २ मिनेट लामो टिजरले फिल्मको कथावस्तु, परिवेश र चरित्र चित्रणबारे संक्षिप्त झलक प्रस्तुत गरेको छ । पहाडी भूगोलको यथार्थ चित्रणसहित टिजरमा प्रेम, विद्रोह, वैदेशिक रोजगारी र देशप्रेम जस्ता विषयहरू समेटिएका छन् ।

टिजरको पहिलो दृश्यमै पानीको हाहाकार देखाइएको छ भने अर्को एक दृश्यमा महिलाहरूले लास बोकेको देख्न सकिन्छ । यी दुई दृश्यमार्फत निर्देशक घिमिरेले पहाडी भूगोलको पछिल्लो अवस्था र त्यहाँको कठिन जीवनलाई फिल्ममा मुख्य कथावस्तु बनाइएको स्पष्ट संकेत दिएका छन् । नेपालको पहाडी भूगोलदेखि भारतको दिल्लीसम्मका दृश्य टिजरमा समावेश छन् ।

भाग्यरत्न फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा मदनकृष्ण श्रेष्ठ, शिव श्रेष्ठ, स्व. सुनिल थापा, विपिन कार्की, प्रियंका कार्की, रेनुनाथ योगी, अरुण क्षेत्री, भारती घिमिरे, रवीन्द्रसिंह बानियाँ लगायतका कलाकारहरूको अभिनय रहेको छ । निर्देशक घिमिरेकी कान्छी छोरी पञ्चमीले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गरेकी छन् ।

उत्तम रसाइली प्रस्तुतकर्ता रहेको फिल्ममा सुरेन्द्र लामा थिङ, ओजस्वी केसी, रिम्पोछे लामा थिङ र उमा गिरी निर्मातामा छन् । फिल्ममा प्रमोद प्रधानको छायांकन, भारती घिमिरे र शंकर कोइरालाको सम्पादन, रञ्जित गजमेरको संगीत, कविराज गहतराज र मिङ्मा डिलेप्चाको कोरियोग्राफी तथा कुमार महर्जनको द्वन्द्व निर्देशन रहेको छ । यो फिल्म बैशाख १ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# विजयले पोखराबाट सुरु गरे 'जिरो डिग्री'को छायांकन

काठमाडौं/अभिनेता विजय बरालको मुख्य भूमिका रहने फिल्म 'जिरो डिग्री'को छायांकन सुरु भएको छ । आइतबार बिहान पोखरा महानगरपालिका-१६ स्थित अर्मलाकोट मन्दिरमा शुभ मुहूर्त गरेसँगै फिल्मको छायांकन थालिएको हो । फिल्मको पहिलो सटमा विजयसहित प्रकाश घिमिरे, राजन भुसाल र शारदा सिलवालले अभिनय गरेका थिए ।




आकाश बराल र साजन काफ्लेको निर्देशनमा बन्ने यस फिल्ममा सनिशा भट्टराई, वसुन्धरा भुसाल, रमेश बुढाथोकी, लोकेन्द्र लेखक, सन्जोग रसाइली, प्रवेश महतरा क्षेत्री, सबिना थापा क्षेत्री, रामबाबु रेग्मी, सुवास गजुरेल लगायतका कलाकारहरूको पनि अभिनय रहनेछ । फिल्ममा निर्देशकद्वय बराल र काफ्ले स्वयंको लेखन छ भने कास्टिङ सन्जोग र साइलीले गरेका हुन् ।

'जिरो डिग्री'को कथावस्तु निकै नौलो र रोचक छ । सडक सञ्जालले नछोएको एक गाउँमा आमाबुवाको निधनपछि विदेशमा रहेका सन्तान नआइपुग्दासम्म शव सुरक्षित राख्न सहरबाट 'डीप फ्रिज' बोकेर गाउँ भित्र्याएपछि उत्पन्न हुने परिस्थितिलाई फिल्ममा प्रस्तुत गरिनेछ । निर्देशक काफ्लेका अनुसार फिल्ममा फ्रिज गाउँसम्म पुऱ्याउने प्रसंग मात्र नभइ लाइट कमेडी कथा पनि रहेको छ ।

मोती कार्की कार्यकारी निर्माता रहेको यस फिल्मलाई निशाल पौडेलले छायांकन गर्दैछन् भने सम्पादन चानस पुन मगर र रंग संयोजन राजेन्द्र मोक्तानले गर्नेछन् । फिल्ममा अङ्कित बाबु अधिकारीको संगीत तथा युवराज काफ्लेको शब्द रचना रहेको छ । फिल्मको पब्लिसिटी डिजाइन रोयल भिमसेन नेतृत्वको ट्राइडेन्ट कन्सेप्टले गर्नेछ ।

# वातावरण संरक्षणमा....

स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म वातावरणमैत्री नीति माग गर्ने, गलत निर्णयको विरोध गर्ने र दिगो विकासलाई प्राथमिकतामा राख्ने नेतृत्व विकासमा युवाको भूमिका अपरिहार्य हुनुपर्छ । वातावरण संरक्षण ठूला-ठूला योजना र भाषणबाट नभई दैनिक जीवनका साना-साना अभ्यासबाट शुरु गर्न सकिन्छ । युवाले आफ्नै जीवनशैलीमा वातावरणमैत्री व्यवहार अपनाएर ठूलो सन्देश दिन सक्छन् । प्लास्टिकका झोला र एकपटक प्रयोग हुने सामग्रीको प्रयोग क्रमश: कम गर्दै जानु, पानी र बिजुलीको मितव्ययी उपयोग गर्नु, सार्वजनिक सवारी साधनको प्रयोग, साइकल वा पैदल हिँडाइलाई प्राथमिकता दिनु, फोहोरलाई स्रोतमै वर्गीकरण गर्नु र जैविक फोहोरबाट कम्पोस्ट मल बनाउने अभ्यासले वातावरण संरक्षणमा प्रत्यक्ष योगदान पुऱ्याउन सक्छ । युवाबाट शुरु भएको यस्तो सकारात्मक अभ्यास समाजमा छिटो फैलिन्छ ।

यस्तै शिक्षा र सचेतनाको क्षेत्रमा पनि युवाको भूमिका अत्यन्त प्रभावकारी हुन्छ । विद्यालय, कलेज र समुदायमा वातावरणीय शिक्षा व्यावहारिक बनाउनुपर्छ । युवाले वृक्षरोपण, सरसफाइ अभियान, नदी तथा पोखरी संरक्षण, प्लास्टिकमुक्त अभियान र जलवायु परिवर्तनबारे छलफल कार्यक्रम सञ्चालन गरेर जनचेतना बढाउन सक्छन् । आजको डिजिटल युगमा सामाजिक सञ्जाल प्रभावशाली मात्र होइन, सबैभन्दा शक्तिशाली माध्यम बन्दै गएको छ । युवाले सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्दै वातावरण संरक्षणसम्बन्धी सत्यतथ्य सन्देश र सकारात्मक अभ्यासहरू साझा गर्न सक्छन्, जसले व्यापक जनमत निर्माण गर्दै वातावरण संरक्षणमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्छ ।

नेपालको राजनीतिक नेतृत्व युवालाई हरेक क्षेत्रमा अवसर सिर्जना गरेर अगाडि बढाउनुभन्दा पनि पुरातनवादी सोचले ग्रस्त छ, जसको प्रत्यक्ष मारमा युवावर्ग परेको छ । आगामी दिनमा युवालाई अग्रपंक्तिमा राखी हरेक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाहमा प्रशस्त अवसर दिनुपर्छ, जसले गर्दा वातावरण संरक्षणमा मात्र होइन राजीनतिक, सामाजिक, आर्थिक, शैक्षिकलगायतका क्षेत्रलाई युवाले एकैपटक जुरुक्क उचालेर अगाडि बढाउन सक्छन् । परिमाणमुखी नतिजा दिन सक्छन् ।

साथै सचेत युवाको भूमिका प्रश्न सोध्ने, सुझाव दिने र जिम्मेवार नेतृत्व निर्माणमा महत्वपूर्ण हुन्छ । यद्यपि युवाको सक्रियतामा थुप्रै चुनौती पनि छन् । जस्तै- पर्याप्त सचेतनाको अभाव, स्रोत-साधनको कमी, अवसरबाट वञ्चित गराइनु र नीतिगत उपेक्षाले युवाको प्रयासलाई कमजोर बनाउने गरेको छ । यस्ता चुनौती समाधान गर्न तीनै तहका सरकार, शैक्षिक संस्था, निजी क्षेत्र र आमसञ्चार माध्यमले युवालाई प्रोत्साहन, तालिम र अवसर प्रदान गर्नुपर्छ, जसले वातावरण संरक्षणमा प्रत्यक्ष प्रभाव पार्न सकोस् ।

वातावरण मानव समुदायका लागि मात्र नभई प्रकृतिमा रहेका सम्पूर्ण जीवजन्तुको लागि नभई नहुने प्रमुख बासस्थान हो । वातावरणको विनाश कार्यमा अन्य जीवजन्तुभन्दा पनि मानव समुदायकै प्रमुख हात र हँदै आएको छ । यसको संरक्षणमा पनि मानवले नै अग्रणी भूमिका निभाउनुपर्छ । यस्तो महत्वपूर्ण वातावरणको संरक्षण र संवर्द्धन गर्नु सबैको साझा दायित्व हो । त्यसमा पनि युवावर्गको भूमिका झनै महत्वपूर्ण र अनिवार्य हुन्छ । वातावरण संरक्षण र संवर्द्धन गर्नका लागि प्रकृतिमा रहेका सम्पूर्ण जीवजन्तुलाई माया गर्नुपर्छ ।

उनीहरुको पनि बाँच्न पाउने अधिकारलाई सुरक्षित र सुनिश्चित गर्नुपर्छ । वनजंगलमा हुने अवैध चोरी, सिकारीलाई सर कारले नै कडा दण्डात्मक बनाउनुका साथै सो नियन्त्रणका लागि युवाले महत्वपूर्ण भूमिका निर्वाह गनुपर्छ । वातावरण मानव सभ्यताको आधार स्तम्भ मात्र होइन, पृथ्वीमा रहेका सम्पूर्ण जीवजन्तुको साझा जीवन-आधार पनि हो । चेतनशील, ऊर्जाशील र परिवर्तनप्रति प्रतिबद्ध युवापुस्ता वातावरण संरक्षण र संवर्द्धनको सबैभन्दा भरोसायोग्य शक्ति हो ।

*(साभार: न्यूज अफ नेपाल)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मिति: २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता**
२०८२ चैत्र ११, १२ र १३ गते


**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता**
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता**
२०८२ फागुन २९ गते

**जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता**
२०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता**
२०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता**
२०८२ चैत्र ९ र १० गते



# जिल्लास्तरीय पुरुष भलिबल: क्वाटरफाइनल समीकरण पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/हेटौंडा-१०, स्थित टिसीएनचौरमा जारी दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा मकवानपुर जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ ।

आइतबारबाट टिसीएन चौरको महोत्सवमा सुरु भएको जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिताको क्वाटरफाइनल समीकरण पूरा भएको छ । आइतबार भएको लिगकम नकआउटको प्रतियोगिताबाट ४ वटा टिम समूहचरणको विजेता बन्दै र ४ वटा टिम उपविजेता क्वाटर फाइनलमा प्रवेश गरेका छन् । प्रतियोगिताअन्तर्गत भोलि सोमबार बाट क्वाटरफाइनल चरणको खेल सुरुहुने मकवानपुर जिल्ला भलिबल संघका सदस्य नरेन्द्र मुक्तानले जानकारी दिए । पहिलो खेलमा थाहा नगरपालिकाको मंगलेश्वर युवा क्लबले हेटौंडा-१५, स्थित सफल केयर क्लबलाई २५-१४ र २५-१३ ले सहजै पराजित गरेको छ ।



दोस्रो खेलमा थाहा-६, स्थित नवप्रतिभा सांस्कृतिक युवा क्लब बज्रबाराहीले हेटौंडा-९, स्थित पशुपति युवा क्लबलाई २५-१२ र २५-२१ को सोझो सेटले सहजै पराजित गरेको छ । तेस्रो खेलमा मनहरी गाउँपालिकाले २५-१४ र २५-१८ को सोझो सेटले हेटौंडा-३, स्थित मिलन युवा क्लबलाई सहजै पराजित गरेको छ । अन्तिम खेलमा हेटौंडा-११, स्थित छहारी युवा समाजको टिमलाई २५-१७ र २५-१४ को सोझो सेटले पराजित गरेको छ । सोमबार बिहान ११ बजेबाट क्वाटरफाइनल चरणको खेल सुरु हुनेछ भने मंगलबार सेमीफाइनल र फाइनल चरणको खेल हुनेछ ।

सेमीफाइनल चरणबाट बेष्ट अफ ५ को खेल खेलाइने बताइएको छ । क्वाटरफाइनलको पहिलो खेलमा मंगलेश्वर युवा क्लब र मिलन युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा नवप्रतिभा युवा क्लब र बागमती गाउँपालिका बीच प्रतिस्पर्धा हुनेछ । तेस्रो खेलमा मनहरी गाउँपालिका र सफल केयर क्लबबीच प्रतिस्पर्धा हुनेछ भने चौथो खेलमा छहारी युवा समाज र पशुपति युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

सेमीफाइनलमा पराजित हुने दुई टिमले १५/१५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगितामा ७ वटा विधाका खेलाडीलाई नगदसहित मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ५ हजार रुपैयाँ प्रदान गरिने छ भने अन्य उत्कृष्ट लिब्रो, उत्कृष्ट स्पाइकर, उत्कृष्ट ब्लकर, उत्कृष्ट सर्भर, उत्कृष्ट प्रशिक्षक र उद्यान खेलाडीलाई २/२ हजार रुपैयाँको नगद पुरस्कार प्रदान गरिने छ । राष्ट्रिय महिला भलिबल प्रतियोगिता भने चैत ४ गतेबाट सुरु हुनेछ ।

जिल्ला खेलकुदका अध्यक्ष राजकुमार मोक्तानको सभाध्यक्षा तथा हेटौंडा मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष वसन्त सिटौलाको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन भएको हो । महोत्सवमा कराँते, तेक्वान्दो र महिला भलिबल लगायतका खेल सञ्चालन हुने अध्यक्ष मुक्तानले बताए ।

# १४ वर्षीया सुमिको मुक्तक संग्रह ‘जीवनको गोरेटो’ हेटौंडामा विमोचन



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/नवसर्जक साहित्य चौतारी नेपालको ४२ औँ मासिक शृंखलाको अवसरमा चौतारीकी बागमती प्रदेश सदस्य सुमि थिङको मुक्तक संग्रह ‘जीवनको गोरेटो’ को विमोचन तथा विमर्श कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ ।

अमर मावि हेटौंडामा कक्षा ९ मा अध्ययनरत १४ वर्षीया सुमिको यो पहिलो कृतिकारुपमा मुक्तक संग्रह प्रकाशनमा ल्याइएको हो । चौतारीकी केन्द्रीय महासचिव स्वस्तिका दाहालको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा नं. १ का वडाध्यक्ष एवं उपमहानगर प्रवक्ता सविन न्यौपानेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अग्रज साहित्यकार डा. निमेष निखिल र देवराज खरेलको विशिष्ट आतिथ्य रहेको थियो । कृतिमाथि साहित्यकार सानु खनाल र विविशा रुम्बाले समीक्षात्मक टिप्पणी गरेका थिए भने नवसर्जकहरु रोज कार्की र नम्रता पराजुलीले कृतिभित्रका प्रतिनिधि रचना वाचन गरेका थिए ।

नवसर्जक साहित्य चौतारी नेपालका सल्लाहकार तथा अमर माविका सहायक प्रअ डीबी बर्तौलाको सम्पादनमा प्रकाशित मुक्तक संग्रह नवसर्जक साहित्य चौतारी नेपाल केन्द्रीय समितिले प्रकाशन गरेको हो । कार्यक्रममा अग्रज साहित्यकार डा. निखिल, खरेल, अमर माविकी प्रअ मालती उप्रेती, चौतारीका संरक्षक तथा परि कल्पनाकार दीपक गौतम, सल्लाहकार बर्तौला तथा मुक्तक मञ्च मकवानपुरका अध्यक्ष सागर तिमल्सिनाले कृतिकारलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

चौतारीकी उपमहासचिव रचना भण्डारीको सहजीकरण तथा कोषाध्यक्ष प्रविना प्रयासीको स्वागत मन्तव्यसहित सम्पन्न कार्यक्रममा कृतिकारकी आमा सुमित्रा थिङ, उनका आफन्तजनलगायत हेटौंडा र आसपासका ६० भन्दा बढी साहित्यकार तथा साहित्यप्रेमीको उपस्थिति रहेको थियो ।

चौतारीले देशभरका २५ वर्षमुनिका नवसर्जकको नेतृत्वमा पठन तथा लेखन संस्कृतिको विकास गर्दै आएको छ । संस्थाले नवसर्जकका कृति प्रकाशन गर्दै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइने महासचिव स्वस्तिका दाहालले जानकारी दिइन् ।

# मनहरीमा मानवअधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्ध सचेतना



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/मकवानपुरको मनहरी गाउँपालिकाले विद्यालयका छात्रछात्रा र शिक्षकलाई मानवअधिकार संरक्षण तथा मानवबेचबिखनविरुद्धको सचेतनामूलक कार्यक्रमको आयोजना गरेको छ ।

फागुन २८ र २९ गते २ दिनसम्म चलेको कार्यक्रममा मनहरी गाउँपालिकाअन्तर्गत १० वटा सामुदायिक विद्यालयबाट कक्षा ५ देखि ९ सम्मका छात्रछात्रा र सामाजिक विषय शिक्षक सहभागिता रहेको थियो । संविधानमा उल्लेख भएका मानवअधिकारको विषयमा जानकारी गराउँदै हाल भइरहेका मानवअधिकार उल्लंघनका घटना कसरी न्युनीकरण गर्ने भन्नेबारे विद्यार्थी र शिक्षकलाई सचेत गराइएको थियो ।

मानवअधिकार संरक्षण गर्दै कसरी स्वतन्त्ररुपले बाँच्ने अधिकारको उपभोग गर्ने भन्नेबारे प्रशिक्षण प्रदान गरिएको थियो । कार्यक्रममा माइती नेपाल मकवानपुरकी संयोजक माया लामाले हालको समयमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा भइरहेको मानव बेचबिखनविरुद्धमा सचेतना प्रदान गरेका थिए ।

गाउँ समाजमा हुने मानवबेचविखनबाट कसरी बच्ने भन्नेबारे विद्यार्थी तथा शिक्षकमा लामाले सचेतनामुलक प्रशिक्षण प्रदान गरेकी थिइन् । मनहरी गाउँपालिकाको सामाजिक विकास समिति सदस्य तथा कार्यपालिका सदस्य सेतीमाया तामाङको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सीता पुलामीको प्रमुख आतिथ्यता रहेको थियो ।

मनहरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, कार्यपालिका सदस्यहरु, शिक्षा शाखाप्रमुख प्रदीप पराजुलीलगायतको आतिथ्यता रहेको थियो । सामाजिक विकास शाखा प्रमुख ज्ञानेन्द्र ढकालले कार्यक्रममा सहजीकरण गरेका थिए ।

# पेट्रोलमा १५ र डिजेल मट्टितेलमा १० रुपैयाँ मूल्य बढ्यो




साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । निगमका अनुसार पेट्रोलमा १५ र डिजेल मट्टितेलमा १० रुपैयाँका दरले मूल्य वृद्धि गरिएको हो । वृद्धि भएको मूल्य आइताबर राति १२ बजेबाट लागू हुने निगमले जनाएको छ ।

निगमका अनुसार, अब तेस्रो वर्ग अन्तर्गत पर्ने काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य १७२ रुपैयाँ कायम भएको छ भने डिजेल र मट्टितेलको मूल्य १५२ रुपैयाँ पुगेको छ ।

दोस्रो वर्ग अन्तर्गत पर्ने दाङ र सुर्खेतमा पेट्रोलको मूल्य १७१, डिजेल र मट्टितेलको मूल्य १५१ पुगेको छ ।

त्यस्तै, पहिलो वर्ग अन्तर्गत पर्ने चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारि, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा भने पेट्रोलको मूल्य १६९ रुपैयाँ ५० पैसा र डिजेल-मट्टितेलको मूल्य १४९ रुपैयाँ ५० पैसा कायम भएको छ ।

निगमतले अमेरिका-इजरायल-इरान तनावबीच देखिएको अन्तर्राष्ट्रिय परिस्थितिका कारण मूल्य वृद्धि गर्नुपरेको जनाएको छ ।

‘यस विषम परिस्थिति बीच नेपाल आयल निगम लिमिटेडले बाध्यतावश पेट्रोलियम पदार्थको मूल्य अपेक्षाभन्दा बढाउनुपरेको छ,’ निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, ‘यसबाट आम उपभोक्ता लगायत सरोकारवालामा पर्ने असरप्रति निगम सचेत र संवदेनशील छ ।’

# बीरु र चेतनलाई ब्याटमिन्टन उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडामा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवअन्तर्गत आयोजित मकवानपुर जिल्लास्तरीय खुला डबल ब्याटमिन्टन प्रतियोगिताको उपाधि हेटौंडा-५ का बीरु गुरुङ र चेतन विश्वकर्माको जोडीले जितेको छ ।

हेटौंडा-११ थानाभन्याङ स्थित ब्याटमिन्टन एकेडेमीको कभर्डहलमा शनिबार सम्पन्न प्रतियोगितामा बीरु-चेतनको जोडीले उत्कृष्ट प्रदर्शन गर्दै उपाधि जितेको हो । प्रतियोगितामा हेटौंडा-१० का राम थापामगर र महेश बोहोराको जोडी उपविजेता बनेको छ । त्यसैगरी हेटौंडा-५ का अजय बजगाईं र हेटौंडा-११ का नितिन थापाको जोडी तेस्रो भएको छ भने भीमफेदीका भोजराज जोशी र सुमन अर्यालको जोडी सान्त्वना स्थान हासिल गर्न सफल भएको छ । प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी घोषित भएका गुरुङले नगद २ हजार रुपैयाँसहित मेडल र ट्रफी प्राप्त गरे ।

प्रतियोगिताका विजेता, उपविजेता, तेस्रो र सान्त्वना स्थान हासिल गर्ने टोलीले क्रमश: २० हजार, १० हजार र ५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । विजेतालाई हेटौंडा-१० स्थित टिसीएनचौरमा आयोजित कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानलगायतले मेडल तथा प्रमाणपत्र प्रदान गरेको थिए । महोत्सवअन्तर्गत कराँते, तेक्वान्दो, भलिबललगायत खेल प्रतियोगिता सञ्चालन हुने आयोजकले जनाएको छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना